नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय

फोन नं : ०१-४२११८४४
फ्याक्स : ०१-४२११५१०
सिंहदरबार, काठमाडौं।

प.सं. :
च.नं. :

मितिः २०८३/०१/१०

# प्रेस विज्ञप्ति

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८२ चैत १३ को बैठकबाट स्वीकृत शासकीय सुधार सम्बन्धी एक सय कार्यसूचीहरू अन्तर्गतको बुँदा ७४ (क) बमोजिम ऊर्जा निर्यात रणनीति (ऊर्जा खपत रणनीति र बुँदा ७४ (ग) समेतलाई सम्बोधन गर्ने गरी) गठित उच्चस्तरीय समितिले तयार पारेको "ऊर्जा खपत वृद्धि तथा निर्यात रणनीति, २०८३" आज मिति २०८३/०१/१० मा माननीय ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रीज्यू समक्ष औपचारिक रूपमा पेश गरिएको छ। मन्त्रालयका सहसचिव श्री सन्दीप कुमार देवको संयोजकत्वमा गठित समितिले ऊर्जा क्षेत्रलाई मुलुकको आर्थिक रूपान्तरणको मुख्य संवाहकका रूपमा स्थापित गर्दै विद्युतको अन्तरिक खपत वृद्धि र विद्युत निर्यातका स्पष्ट खाकाहरू समेटेर यो रणनीति तयार पारिएको छ।

यस रणनीतिको मूल आधार आन्तरिक विद्युत खपतमा उल्लेख्य वृद्धि गर्दै घरायसी भान्साबाट एल.पी. ग्यास विस्थापन गर्ने, सार्वजनिक तथा निजी क्षेत्रमा विद्युतीय सवारीलाई प्राथमिकता दिने र उद्योगहरूमा प्रयोग हुने खनिज इन्धनलाई विद्युतीय प्रणालीले प्रतिस्थापन गर्ने रहेको छ। विद्युत महसुललाई उपभोक्तामैत्री बनाउने र वितरण प्रणालीलाई आधुनिक स्मार्ट ग्रिडमा रूपान्तरण गर्ने सोचका साथै ऊर्जा सुरक्षाका लागि जलाशययुक्त आयोजनाहरूको हिस्सा बढाउने र राष्ट्रिय प्रसारण प्रणालीलाई देशव्यापी विस्तार गर्ने लक्ष्य लिइएको छ।

रणनीतिले नेपालको स्वच्छ ऊर्जालाई अन्तरदेशीय प्रसारण लाइनमार्फत क्षेत्रीय बजारसम्म पुऱ्याउने र उच्च मूल्य प्राप्त हुने साँझको पिक समयमा निर्यात केन्द्रित गरी अधिकतम आर्थिक लाभ लिने मार्गचित्र तय गरेको छ। यसका लागि विद्युत व्यापारमा निजी क्षेत्रको सहभागिता, नेपाल विद्युत प्राधिकरणको संरचनात्मक सुधार र कानुनी जटिलताहरूको समाधानलाई प्राथमिकता दिइएको छ। रणनीतिक लक्ष्यहरू हासिल गर्ने क्रममा आइपर्न सक्ने प्रमुख जोखिमहरूलाई यस यस रणनीतिमा सूक्ष्म रूपमा विश्लेषण गरिएको छ। यी जोखिमहरूलाई न्यूनीकरण गर्न रणनीतिले स्पष्ट व्यवस्थापन योजना अघि सारेको छ।

मन्त्रीस्तरको मिति २०८२/१२/१६ को निर्णयानुसार गठित यस समितिमा ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत नियमन आयोग, विद्युत विकास विभाग र नेपाल विद्युत प्राधिकरणका पदाधिकारीरूको संलग्नता रहेको थियो। यस रणनीतिको सफल कार्यान्वयनबाट नेपालको व्यापार घाटा न्यूनीकरण भई आत्मनिर्भर र हरित अर्थतन्त्र निर्माणमा ऐतिहासिक योगदान पुग्ने विश्वास लिइएको छ।

(सन्दीप कुमार देव)
सहसचिव एवं प्रवक्ता